आज मिति २०७७ साल श्रावण २९ गते विहीबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहायका एजेण्डामा छलफल गरी तपसिल बमोजिम निर्णयहरु गरियो ।

**विशेष उपस्थिती(सल्लाहकार) :**

| | |
|---|---|
| समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिराहा । |
| समन्वय उपप्रमुख श्री सरोज कुमार यादव | जिल्ला समन्वय समिति, सिराहा । |
| नगरप्रमुख श्री अशेश्वर प्रसाद यादव | सिरहा नगरपालिका, सिरहा । |
| नगरप्रमुख श्री रामऔतार यादव | सुखीपुर नगरपालिका, सिरहा । |

**उपस्थिति:**

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौंली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. उप. अनु. निर्देशक श्री रमेशचन्द्र यादव | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| ज. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| झ. मे.सु. डा. नागेन्द्र प्रसाद यादव | सिराहा अस्पताल | |
| ञ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ट. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ठ. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ड. उपाध्यक्ष श्री संतोष कुमार अग्रवाल | सगरमाथा औषधि व्यवसायी संघ | |
| ढ. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |
| ण. मे.सु. श्री सुनिल प्रसाद कुशवाहा | लहान अस्पताल, सिरहा । | |
| त. प्र.प्र.अ. श्री श्रवण कुमार साह | सुखीपुर नगरपालिका, सिरहा । | |

**निर्णयहरु :**

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७।०४।२५मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।

प्रमुख जिल्ला अधिकारी

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रबन्ध मिलाउने र लकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई प्रभावकारीरुपमा समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन बेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनबाट फर्ता गरेको संख्या | आईसोलेसन बेड संख्या | आईसोलेसन | | | आईसोलेसनबाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | |
| सिरहा | ४३ | ० | २२ | १५४२ | ५५२ | २६ | ५७८ | ६१३८ | २०५ | ३७ | २ | ३९ | २०५ | ५१९८ | ४६९६ | २४५ | ३९ | २०५ | १ | १९३५ |

४. विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथामको लागि यस जिल्लाका देहायका स्थानीयतहहरुले २०७७ श्रावण ३२ गते राती १२:०० बजेसम्मको लागी अत्यावश्यकीय सेवा बाहेक LOCKDOWN (बन्दाबन्दी) लगाई जोखिम न्यूनीकरणका लागि व्यवस्थापनमा सहयोग पुर्याई रहेको ।

| क्र.सं. | स्थानिय तह | निर्णय मिति | लागु मिति | समय | समाप्त हुने मिति | समय | बन्दाबन्दी लाग्ने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मिर्चैया नगरपालिका | २०७७।०४।२१ | २०७७।०४।२२ | ६:०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | नगरपालिका क्षेत्र भित्र | |
| २ | लहान नगरपालिका | २०७७।०४।२३ | २०७७।०४।२३ | ००:०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | नगरपालिका क्षेत्र भित्र | |
| ३ | गोलबजार नगरपालिका | २०७७।०४।२३ | २०७७।०४।२३ | ००:०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | नगरपालिका क्षेत्र भित्र | |
| ४ | सिराहा नगरपालिका | २०७७।०४।२५ | २०७७।०४।२५ | ००.०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | नगरपालिका क्षेत्र भित्र | |
| ५ | विष्णुपुर गाउँपालिका | २०७७।०४।२५ | २०७७।०४।२७ | ००.०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | गाँउपालिका क्षेत्र भित्र | |
| ६ | सुखीपुर नगरपालिका | २०७७।०४।२८ | २०७७।०४।२९ | ००.०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | नगरपालिका क्षेत्र भित्र | |
| ७ | लक्ष्मीपुर पतारी गाउपालिका | २०७७।०४।२८ | २०७७।०४।२९ | ००.०० बजे | २०७७।०५।०५ | २४:०० सम्म | गाउँपालिका क्षेत्र भित्र | |
| ८ | धनगढीमाइ नगरपालिका | २०७७।०४।२५ | २०७७।०४।२६ | ००.०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | नगरपालिका क्षेत्र भित्र | |
| ९ | सखुवनान्करकट्टी गाउपालिका | २०७७।०४।२५ | २०७७।०४।२६ | ००.०० बजे | २०७७।०४।३२ | २४:०० सम्म | गाँउपालिका क्षेत्र भित्र | |
| १० | भगवानपुर गाउँपालिका | २०७७।०४।२८ | २०७७।०४।२९ | ००.०० बजे | २०७७।०५।०६ | २४:०० सम्म | गाँउपालिका क्षेत्र भित्र | |
| ११ | जिल्ला प्रशासन कार्यालय | २०७७।०४।२८ | २०७७।०४।२८ | कार्यालयको आन्तरिक कार्य मात्र गर्ने गरी बाह्य कार्य बन्द गरिएको | | कर्मचारीको स्वास्थ्य परिक्षणको प्रतिवेदन प्राप्त नहुन्जेल सम्म | | |
| १२ | आन्तरिक राजश्व कार्यालय | २०७७।०४।२४ | २०७७।०४।२५ | कार्यालयको आन्तरिक कार्य मात्र गर्ने गरी बाह्य कार्य बन्द गरिएको | | कर्मचारीको स्वास्थ्य परिक्षणको प्रतिवेदन प्राप्त नहुन्जेल सम्म | | |
| १३ | ग्लोबल आइएमइ बैंक, सिराहा | २०७७।०४।२४ | २०७७।०४।२५ | २ वटा ब्रान्चको बाहय कार्य बन्द र १ वटा लहान ब्रान्चको कार्य सम्पुर्ण बन्द | | २ वटा ब्रान्चको कर्मचारीको स्वास्थ्य परिक्षणको प्रतिवेदन प्राप्त नहुन्जेल बाहय कार्य बन्द र १ वटा लहान ब्रान्चको १४ दिनको अवधि समाप्त नहुन्जेल सम्म सम्पुर्ण कारोबार बन्द । | | |
| १४ | ग्लोबल आइएमइ बैंक, सिराहा | २०७७।०४।२८ | २०७७।०४।२८ | सिरहा ब्रान्चको कार्य सम्पुर्ण बन्द | | सिरहा ब्रान्चको १४ दिनकी अवधि समाप्त नहुन्जेल सम्म सम्पुर्ण कारोबार बन्द । | | |
| १७ | | | | | | | | |

५. मिति २०७७।०४।२२ को जिल्लास्तरिय CCMCको बैठक अनुरुप कोभिड १९को २०७७ साल आषाढ मसान्त सम्मको खर्चको विवरण प्राप्त भई सार्वजनिक गरिएकोमा कतिपय स्थानीय तहहरुले कम अवधिको र शिर्षकगत रुपमा नै विवरण नपठाएको हुँदा पुन: खर्च विवरणहरु यकिन गरी स्पष्ट रुपमा पठाउन अनुरोध गर्ने ।

६. मिति २०७७।०४।२२ को जिल्लास्तरिय CCMC को बैठकमा पेश भएको कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा विभिन्न निकायबाट प्राप्त खर्च विवरणमा केही स्थानीय तहहरुले परिमार्जन गरी पठाएका समेत हालसम्म प्राप्त देहायको विवरण समेत माथिल्लो निकायमा प्रतिवेदन गर्ने साथै सार्वजनिक गर्ने । पुन:श्च २०७७ साल जेष्ठसम्मको मात्र खर्चको विवरण पेश गर्ने र फर्मेट अनुसारको विवरण उपलब्ध नगराउने स्थानीय तहहरुमा पुन ताकेता लगाई २०७७ साल आषाढ मसान्त सम्मको र फर्मेट अनुसारको विवरण तत्काल पठाउन अनुरोध गर्ने ।

| क्र.स. | पालिकाको नाम | कोभिड-१९ रोकथाम तथा नियन्त्रण कोष / प्राप्त अनुदान जम्मा रकम | कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा भएको खर्च रकम | क्वारेन्टाईन व्यवस्थापन खर्च रकम | राहत वितरण खर्च रकम | स्वास्थ्यकर्मी भता रकम | सुरक्षाकर्मी भता रकम | क्वारेन्टाईन व्यवस्थापन समिति पारिश्रमीक भता | कर्मचारी भता रकम | जम्मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गोलबजार न.पा. | १०८८८५५३ | १८५४०५० | २१४७८२३ | ५७६७३८० | ६५१२१२ | ० | ० | १८८०८८ | १०६०८५५३ | जेष्ठ सम्मको |
| २ | कर्जन्हा न.पा. | १०००० | ६०७७१८ | ३०९५०८१ | ९९९६०१७ | ८३७००० | ० | ० | २८०००० | १४८१५८१६ | जेष्ठ सम्मको |
| ३ | धनगढीमाई न.पा. | ६२३७६५० | १४५६५८८ | १०८०७६८ | ३०५७२७७ | ० | ० | ० | ० | ५५९४६३३ | जेष्ठ सम्मको |
| ४ | विष्णुपुर गा.पा. | १००२०००० | २६०२१९१ | १५०००० | ४६७३९२९ | ३८२८०० | १३२००० | ० | ९२०७९० | ८८६१७१० | जेष्ठ सम्मको |
| ५ | अर्नामा गा.पा. | ४५००००० | ० | २०००५४३ | १९५८५६० | ० | ० | ० | ० | ३९५९१०३ | जेष्ठ सम्मको |
| ६ | लहान न.पा. | १६४२९४०० | ३६५७२४५ | ४८५०५७ | १५३०५७७६ | ० | ० | ० | ३५६००० | १९८०४०७८ | जेष्ठ सम्मको |
| ७ | बरियारपट्टी गा.पा. | १६०००००० | २०५३२४९ | ६१०६७६८ | ७५६३७५० | ० | ० | ० | ० | १५७२३७६७ | जेष्ठ सम्मको |
| ८ | नरहा गा.पा. | ८१५०००० | १३७०९९७ | ९२४२०२ | ५०६४०५० | ० | ० | ० | ० | ७३५९२४९ | जेष्ठ सम्मको |
| ९ | लक्ष्मीपुरपतारी गा.पा. | २०००००००० | १९४०५०० | ३२००७९५ | ११००००० | ४४१५०० | ० | ० | २८६९०० | ६९६९६९५ | जेष्ठ सम्मको |
| १० | मिर्चैया न.पा. | १५२५०००० | १२९३२८७७ | ० | ३०००००० | ७१०४३४ | ० | ० | ६३७७६६ | १७२८१०७७ | अषाढ सम्मको |
| ११ | सिरहा न.पा. | ० | ५९०८६४३० | ० | ० | ० | ० | ० | ० | ५९०८६४३० | ०७७।४।२० सम्मको |
| १२ | औरही गा.पा. | ३२०१६००० | ८१९३५८३ | ३२५१२९२ | ८३४२३३२ | ८०२७२३ | ० | ११९६६०० | २९४४०० | २२०८०९३० | ०७७।४।१८ सम्मको |
| १३ | नवराजपुर गा.पा. | १५०००००० | १८५५४२८ | २३५९१७९ | ८५९८२१५ | १३९५००० | ० | ० | ७९०००० | १४९९७८२१ | ०७७।४।२२ सम्मको |
| १४ | भगवानपुर गा.पा. | १८५००००० | ४१८१४८७ | ३३०७४८१ | ७९२२१८० | ९६२४३९ | १२५७०० | ६४२६०० | १०७२४३ | १७२४९१३० | अषाढ सम्मको |
| १५ | कल्याणपुर न.पा. | २२८७९१०० | ८९१५१५१ | ६७९४९६१ | ५०५१५२० | ९८३१४१ | ० | ० | ४६०८२२ | २२२०५५९५ | अषाढ सम्मको |
| १६ | सखुवानन्कारकट्टी गा.पा. | १३५४०८९३ | २९७८८१५ | २७४७९९६ | ७५५२५२८ | ५१८०० | १००००० | ० | ० | १३४३११३९ | ०७७।४।२३ सम्मको |
| १७ | सुखिपुर गा.पा. | १४०६५७०७ | ८३९५५३ | २३८२०३२ | ७५४३५२३ | ३८३९८९ | ७०९७० | ० | ४५०४१ | ११२६५१०८ | ०७७।४।२० सम्मको |
| १८ | स्वस्थ्य कार्यालय सिरहा | ३७५०००० | २२४१६४८ | ० | ० | ८०४६४० | ० | ० | ० | ३०४६२८८ | ०७७।४।२२ सम्मको |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | जिल्ला अस्पताल कार्यालय सिरहा | ५५०००००० | १३८५९७०७ | ० | ० | ० | ० | ० | ० | १३८५९७०७ | रु 8359707/- भुक्तानी दिन बाँकी अषाढ सम्मको |
| जम्मा खर्च रकम | | २३२७३७३०३ | १३०६२७२१५ | ४००३३९७८ | १०२४९७०३७ | ८४०६६७८ | ४२८६७० | १८३९२०० | ३९०६२२८ | २८७७३९००६ | |

७. गृह मन्त्रालयको पत्र संख्या शा.सु. २०७७०७८।०६ च.नं. ३९१ मिति २०७७०४।२८ गतेको पत्र बमोजिम सवारी पास बन्द गर्ने सम्बन्धी पत्रमा उल्लेख भएको कोभिड १९को कारण नेपाल सरकार मन्त्रिपरिषदबाट विभिन्न मितिमा भएको निर्णय तथा यस मन्त्रालयबाट भएको निर्देशनको आधारमा हालसम्म तहाँबाट जारी हुँदै आएको सवारी पासको व्यक्स्थालाई कोभिड १९ संक्रमणको उच्च जोखिमलाई मध्यनजर गरी अर्को व्यवस्था नभएसम्म मिति २०७७०४।२९ गते देखि लागु हुने गरी वितरण नगर्नु नगराउनु हुन भनी भएको निर्देशन बमोजिमको यस जिल्लाबाट कुनैपनि सवारी पास जारी नगर्ने नगराउने ।

८. विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को संक्रमणबाट नियन्त्रण तथा रोकथामको कार्य तदारुकता र शिघ्रताका साथ गरिएतापनि कोभिड १९ को सक्रमणबाट एक जना व्यक्तिको निधन भैसकेको र हुन सक्ने देखिएकोले गर्दा संक्रमणबाट निधन हुन गएमा त्यस्ता व्यक्तिहरुको शवलाई अन्त्येष्टी गर्नको लागि कर्जन्हा नगरपालिकाको कमला नदी किनार, गोलबजार र धनगढीमाई नगरपालिकाको सिमामा रहेको गागन खोला, धनगढीमाई नगरपालिकाको मैनावती खोला र लहान नगरपालिकाको बलान खोलाको किनारको स्थानको लागि सम्बन्धित स्थानीय तहहरुले चारकिल्ला तोकी तथा यकिन गरी शवको अन्त्येष्टि स्थान निर्धारण गर्न र सोको जानकारी दिन अनुरोध गर्ने ।

९. कोभिड १९ को संक्रमण दर बढ्दो क्रममा रहेको हुनाले र कोभिड १९ को लक्षण देखिएका विरामीको दर पनि बढ्दै गएको हुनाले हाल यस जिल्लामा भएको Isolation वेडको संख्या भन्दा बढी लक्षण भएका विरामी देखिएमा Isolation Bedको अभाव हुन सक्ने देखिएकोले स्वास्थ्य कार्यालय र सिराहा अस्पतालबाट Isonaltion वाड सहितको कोभिड १९ विशेष अस्पताल निर्माण गर्न सकिने स्थानको पहिचान गरी त्यस्कोलागि आवश्यक श्रोत तथा साधनको व्यवस्थापनको लागि सम्बन्धित निकायहरुमा लेखापढि गर्ने ।

१२. गृह मन्त्रालयको पत्रसंख्या शा.सु. ०७७०७८-८ च.नं. ३८१ मिति २०७७०४।२८ को कोभिड १९ सुरक्षा मापदण्ड (Protocal) सम्बन्धी पत्रबाट उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको च.नं. १९ मिति २०७७०४।२१ गतेको पत्रबाट मिति २०७७०४।१५मा स्वीकृत कोभिड १९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपुर्ति क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्ड (Protocal) प्राप्त भएको छ । उक्त पान ६ को सुरक्षा मापदण्ड प्रभावकारी कार्यान्वयनका लागि पठाइएको सम्बन्धमा कानुनले तोकेको अवस्थामा बाहेक सो सुरक्षा मापदण्डहरुको पुर्ण पालना गरी उद्योग, वाणिज्य तथा आपुर्ति क्षेत्र संचालन गर्न गराउनको लागि सम्बन्धित स्थानीय तहहरुलाई लेखि पठाई अनुगमन गर्ने गराउने ।

१३. गृह मन्त्रालयको पत्रसंख्या शा सु ०७७०७८।०६ च.नं. ३७९ मिति २०७७०४।२८ को निर्णय कार्यान्वयन सम्बन्धी विषयको पत्र बमोजिम प्राप्त देहायका निर्देशनहरुलाई कडाईका साथ पालन गर्नको लागि सबै स्थानीयतहहरुलाई अनुरोध गर्ने तथा जिल्ला स्थित मातहतका सुरक्षा निकायलाई निर्देशन दिने ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै./३२१/६०६, ६०७ र ६०८, मिति २०७७/०४/२६ गतेकोपत्रहरुमार्फत प्राप्त कोभिड-१९ सम्बन्धी विषयमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०४/२६ गतेको बैठकले गरेका देहाय बमोजिमका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।

**घ. कोभिडसम्बन्धी आदेशमा हेरफेर तथा थपघट गर्ने विषयः १९-**

"विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०४/०५ को निर्णयानुसार जारी भएको आदेशमा देहाय बमोजिम हेरफेर तथा थपघट गर्ने भनी निर्णय उतार प्राप्त भएको ।

४. आदेशको दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने-

(क) होटल तथा रेष्टुरेण्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेकअवे) मात्र ।

५. आदेशको दफा ३ मा रहेको "मिति २०७७ भदौ १ गतेदेखि" भन्ने व्यहोराको सट्टा "मिति २०७७ भदौ १६ गतेदेखि" भन्ने व्यहोरा राख्ने ।

६. आदेशको दफा ४ पछि देहायको दफा ४क., ४ख., ४ग., ४घ., ४ङ., ४च., ४छ., ४ज., ४झ., ४ञ., ४ट., ४ठ., ४ड. र ४ढ. थप गर्ने-

४क. कोभिड-१९ संक्रमणको सक्रिय संक्रमित दुई सयभन्दा बढी भएका जिल्ला र काठमाण्डौं उपत्यकाका सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघसंस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघसंस्थाहरुले विद्युतीय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । मिति २०७७ साउन २९ गतेदेखि यी निकायहरुको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने (Work From Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने । अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने, सेवा प्रवाह र जनशक्ति व्यवस्थापनको जिम्मेवारी जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को समन्वयमा सम्बन्धित कार्यालय प्रमुखको हुने ।

४ख. मानिसहरुको जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड-१९ को संक्रमण बढ्दै गईरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेलाजस्ता सामूहिक जमघट हुने कार्यहरु नगर्ने/नगराउने ।

४ग. स्वास्थ्य र सुरक्षा लगायतका आधारभूत सेवा प्रवाहलाई निरन्तरता दिन जनशक्ति, जनशक्तिलाई आवश्यक पर्ने स्वास्थ्य सामाग्री, आवश्यक सुरक्षा प्रबन्ध र अनुकूल कार्य वातावरण बनाउन सम्बन्धित मन्त्रालयका सचिवले आवश्यक कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्य सञ्चालन गर्ने गराउने ।

४घ. कोभिड-१९ को सक्रमणको जोखिम बढ्दै गएको देखिएको हुँदा जनस्वास्थ्यको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता भएकोले धार्मिकस्थलहरुमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने नगराउने । चाडपर्वहरु आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरुले मात्र मनाउने ।

४ङ. दैनिक उपभोग्य वस्तुलगायत पूर्वाधार निर्माणमा आवश्यक सामाग्रीहरु आपूर्ति गर्दा सो कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले सम्बन्धित व्यवसायी, उद्योगी एवं सामाजिक संघ-संस्था, सामुदायिक संस्था र सहकारीहरुले अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्नुका साथै मास्क, स्यानिटाइजरजस्ता न्यूनतम स्वास्थ्य मापदण्ड पालना गर्ने । तोकिएका प्रवेश बिन्दु र सुरक्षा जाँच गर्ने स्थानहरुमा मापदण्ड पालना भए नभएको जाँच गर्ने, पालना नभएमा तत्काल कारबाही गर्ने । जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरुको पालना गर्ने गराउने जिम्मेवारी विषयगत मन्त्रालयका सचिवको हुने, विषयगत मन्त्रालयका सचिवले मातहतको विभाग, कार्यालय र स्थानीय प्रशासनको समन्वयमा नियमित अनुगमन गर्ने गराउने ।

४च. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबारलगायतका मनोरञ्जनस्थल, सैलुन, ब्युटीपार्लर तथा स्पा, स्वीमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब, समूहमा खेलिने खेलकुद र खेल मैदामा हुने प्रस्तुति, सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल, पस्तकालय, संग्राहलय र चिडियाखाना हाल सञ्चालन निषेधकै अवस्थामा रहेको हुँदा सम्बन्धित मन्त्रालयबाट यसको नियमित अनुगमन गरी कडाईका साथ पालना गर्ने गराउने एवं उल्लङ्घन गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही गर्ने ।

४छ. काठमाण्डौं उपत्यकाका तीवनटा जिल्लाभित्र आवतजावत गर्नेबाहेक कोभिड-१९ को संक्रिय संक्रमित संख्या दुई सयभन्दा बढी भएका जिल्लाबाट अन्य जिल्लामा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा स्थानीय

प्रशासनको अनुमतिमा बाहेक आवतजावत नगर्ने नगराउने । अत्यावश्यक कार्यका लागि मात्र अनुमति प्रदान गर्ने । अनुमति प्रदान गर्दा प्रयोजनसमेत खुलाई यात्रा गर्ने व्यक्तिको नामसमेत समावेश गरी अनुमतिपत्र जारी गर्ने ।

४ज. फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा सञ्चालन भइरहेका तरकारी,फलफूल, खाद्यान्न लत्ता कपडालगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलनजस्ता कार्य जथाभावी रुपमा सञ्चालन हुँदा भीडभाड बढ्ने रकोभिड-१९ को संक्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई सम्बन्धित स्थानीय प्रशासन/स्थानीय तहले निषेध गर्ने ।

४झ. उद्योग, कलकारखाना लगायतका व्यवसाय सञ्चालन गर्ने व्यवसयीहरुले हाल उद्योग व्यवसाय सञ्चालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसरभित्रै सुरक्षित रुपमा खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदारहरु नल्याउने । कोभिड-१९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायीले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेसन लगायतका पूर्वाधारको प्रबन्धसमेत गर्ने । नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम अनुमति भएका व्यक्तिहरुलाई नेपाली कुटनीतिक नियोगको सिफारिसमा ३०० (तीन सय) जना र वैदेशिक रोजगार कल्याणकारी कोषबाट खर्च व्यहोर्ने गरी उद्धार गरिने २०० (दुई सय) जना नेपाली नागरिकसमेत दैनिक कुल ५०० (पाँचसय) जनाको संख्यामा नबढ्ने गरी उडान अनुमति दिने । यस्ता उडानबाट आउने व्यक्तिहरुलाई काठमाण्डौं उपत्यकामा नै तोकिएका स्थानमा क्वारेन्टिनमा राख्ने व्यवसथा मिलाई संक्रमणमुक्त भएको यकिन भएपछि मात्र सम्बन्धित गन्तव्यमा पठाउने व्यवस्था गर्ने । यसरी आउने व्यक्तिहरुलाई आवश्यक क्वारेन्टिनको व्यवस्थापन काठमाण्डौ उपत्यकाका स्थानीय तहको समन्वयमा काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाका जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले गर्ने । यसरी आउने यात्रुको ५ देखि ७ दिन भित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले RT-PCR परीक्षण गर्ने व्यवस्था मिलाउने ।

४ट. कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ मा तोकिएका प्रवेश विन्दुहरुबाट आवतजावत गर्ने व्यक्तिहरुको अभिलेख राख्ने । प्रवेश बिन्दु रहेकै जिल्लामा सम्बन्धित प्रदेश सरकारको समन्वय र नेपाली सेनाको सहयोगमा सम्बन्धित जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले आवश्यक बेड संख्यामा क्वारेन्टिनको व्यवस्था गर्ने ।

४ठ. भारततर्फको सीमावर्ती क्षेत्रमा रहेका वस्ती एवं बजारमा कोभिड-१९ को संक्रमण फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै नेपाल-भारत सीमाबाट नेपाल प्रवेश गर्न तोकिएका उल्लिखित निश्चित प्रवेश बिन्दुहरु (नाका) बाहेक अन्यत्र कुनै पनि स्थानबाट दैनिक रुपमा किनमेलका लागि आवतजावत गर्न, उद्योगका लागि कुनैपनि प्रकारको जनशक्ति/कामदार ल्याउन एवं कुनै पनि प्रकारको आवतजावत हुन नदिने व्यवस्था सम्बन्धित जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले मिलाउने ।

४ड. कोभिड-१९ को संक्रमणको दर वृद्धि भइरहेको सन्दर्भमा संक्रमितहरुको विश्लेषण गरी लक्षण नदेखिएका संक्रमितहरुलाई राख्न आवश्यक बेड संख्यका आइसोलेसन सेन्टर तयार गर्ने । संक्रमणको दर बढिरहेको स्थानमा रहेका अस्पतालको हालको क्षमता अध्ययन गरी लक्षण भएका संक्रमितहरुलाई उपचार गर्ने प्रयोजनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रलाले स्रोतसाधनको आवश्यक प्रबन्ध सहित निजी अस्पताल तथा शिक्षण अस्पतालहरुलाई प्रयोग गर्न सक्ने गरी वैकल्पिक व्यवस्था मिलाउने ।

४ढ. हाल संक्रमणको दर बढेका, संक्रमणको उच्च जोखिममा रहेका एवं आवश्यक मात्रमा स्वास्थ्यकर्मीको अभाव देखिएका स्थानहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तत्काल आवश्यक जनशक्ति खटाई स्वास्थ्य सेवालाई सुदृढ र प्रभावकारी गराउने ।"

**ङ. कोभिड-१९ सम्बन्धी विषयः**

२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरु लगायत अन्य मित्रराष्ट्रहरुले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुलाई सो रोगको

प्रमुख जिल्ला अधिकारी

संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन २०७७ साउन ३२ गते आइतबार मध्यरातसम्मका लागि स्थगित गरिएकोमा हाललाई मिति २०७७ भदौ ३१ गते बुधबार (तदनुसार २०२० सेप्टेम्बर १६) मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन स्थगित गर्ने गरी निरन्तरता दिने ।

तर, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को निर्णयबमोजिम जारी भएको "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ (मिति २०७७/०४/२६ को संशोधनसमेत)" बमोजिम स्थल मार्गबाट नेपाल प्रवेश गर्न तोकिएका प्रवेश विन्दुबाट नेपाल प्रवेश गर्न दिने व्यवस्था र मालसामानको ढुवानी व्यवस्थालाई यथावत कायम राख्ने । यो आदेशको पालना नगरी सीमा नाकाबाट प्रवेश गर्ने गराउने र प्रवेश गरेका मानिसहरुलाई लुकाउने कार्य गरे गराएमा प्रचलित कानूनबमोजिम कारबाही गर्ने ।"

**च. प्रवेश विन्दु सम्बन्धी विषय:**

कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ संशोधन सम्बन्धी विषयः

"नेपाल सरकार, मन्त्रिपरिषद्को मति २०७७/०२/१२ को निर्णयबमोजिम जारी भएको कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ को दफा २. **<u>प्रवेश विन्दुसम्बन्धी व्यवस्था</u>**:मा रहेको उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने ।

(1) भारतबाट स्थलमार्ग हुँदै स्वदेश आउने नेपालीको लागि नेपाल-भारत सीमाका देहायका प्रवेश विन्दु तोकिएको छः-

(क) काकडभिट्टा (झापा) (ख) रानी (मोरङ्ग)
(ग) माडर (सिरहा) (घ) गौर (रौतहट)
(ङ) वीरगञ्ज (पर्सा) (च) वेलहिया (रुपन्देही)
(छ) कृष्णनगर (कपिलवस्तु) (ज) जमुनाह (बाँके)
(झ) गौरीफन्टा (कैलाली) (ञ) गड्डाचौकी (कञ्चनपुर)

१४. कोभिड १९ को महामारीको अवस्थामा महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले नियमित ज्याला मजदुरी गरी घरपरिवारको जिवनयापन गर्ने परिवार संकटमा गुज्रीरहेको र मानिसले खान पाउने बाँच्न पाउनको लागि राहतको आवश्यकता पर्ने भएकोले ओरेक परियोजना कार्यालय सिरहाले Misereor परियोजनाको सहयोगमा विष्णुपुर गाउपालिका वडा नं. १ मा ५५ घरधुरी र सिरहा नगरपालिका १४ खिरौनामा १५ घरधुरीका साथै लहान नगरपालिकामा ५ मा घरधुरी जम्मा ७५ घरधुरीमा रहेका अति विपन्न वर्गका गर्भवती, सुत्केरीहरुलाई लक्षित गरेर राहत सामाग्री वितरण गर्न अनुमती माग गरेको सम्बन्धमा सम्बन्धित पालिकाको समन्वय र सहयोगमा राहत सामाग्री प्रति परिवार(चामल २५ केजी, दाल २ केजी, तेल १ केजी, साबुन ६ पिस, सर्फ १ केजी, सुती कपडा २ मिटर, नुन १ केजी, चना १ केजी) वितरण गरी सो को जानकारी तथा प्रतिवेदन यस जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने । साथै सो को अनुगमन सम्बन्धित पालिकाहरुले अनुगमन गर्न अनुरोध गर्ने ।

१५. कोभिड १९ को संक्रमण पहिचान गर्नको लागि PCR प्रविधिबाट परिक्षणको लागि आवश्यक VTM यस जिल्लामा जम्मा VTM ५०० (पाँचसय) थान रहेको । साथै जिल्लाका विभिन्न स्थानीय तहहरुको समुदायस्तरमा कोभिड १९ को संक्रमण देखिएको र समुदायमा रहने व्यक्तिहरुमा त्रासको वातावरण रहेको । समुदायमा संक्रमणको अवस्थामा सरकारी तथा सार्वजनिक र निजी कार्यालयहरु (जस्तै Globalime Bank लहान ब्रान्चका कर्मचारी, यस्तै सिरहा ब्रान्चका ब्रान्च मेनेजर, यसरी सो बैंकको प्रत्यक्षरुपमा सलग्न रहने) प्रभावित हुने क्रम बढ्दो रुपमा रहेको हुनाले त्यस्तो शंकास्पद समुहहरुको पहिचान गरी छिटो सिल गरीएतापनि समुदायस्तरमा

परिक्षण गर्नको लागि VTM को अभाव हुन गएको । साथै PCR प्रविधिबाट कोभिड १९ को संक्रमण भए नभएको परिक्षण गर्नको लागि स्वाव संकलन हुने तर परिक्षणको लागि पालो कुर्न पर्ने परिक्षणको लागि विभिन्न प्रयोगशालाहरुमा पठाउँदा पहिलो प्राथमिकतामा सम्बन्धित प्रयोगशाला रहेको जिल्ला र प्रदेश रहने भन्ने मौखिक जानकारी दिने कारणले गर्दा परिक्षणको नतिजा ढिलो हुने भएको कारणले गर्दा यस जिल्लाको लागि निम्नबमोजिमको व्यवस्था हुन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

क. यस जिल्लामा करिब ७ लाख जनसंख्या रहेका र करिब १ लाख घरधुरी रहेकोको साथै कोभिड १९ को संक्रमण समुदाय स्तरमा जान सक्ने संभावन देखिएकोले यस जिल्लाको लागि कम्तिमा पनि १ लाख VTM आवश्यक पर्ने भनी विभिन्न समयमा सम्बन्धित निकायमा VTM मागको लागि लेखापढि गरिरहँदा पनि उपलब्ध हुन नसकेकोले हालको अवस्थामा यस जिल्लाको लागि आवश्यक VTM १५००० (पन्ध्र हजार) थान उपलब्ध गराई दिन प्रदेश सरकार र संघिय सरकारमा पुनः अनुरोध्र गर्ने ।

ख. कोभिड १९ को संक्रमण भए नभएको परिक्षण गर्ने व्यवस्था सिराहा अस्पतालमा स्थापना गराई दिन अनुरोध गर्ने ।

ग. आइसोलेशनमा वेड संख्या बढाउन र व्यवस्थित गर्नको लागि आवश्यक वित्तिय सहयोगको लागि अनुरोध गर्ने ।

घ. कोभिड १९ को संक्रमणबाट मृत्यू भएको व्यक्तिलाई सम्बन्धित अस्पताल वा क्वारेन्टाइनबाट अन्त्येष्टि गर्ने स्थानसम्म लैजानको लागि १ थान शववाहनको व्यवस्था गर्न अनुरोध गर्ने । साथै यस जिल्लाको भित्र पर्ने पुर्व पश्चिम राष्ट्रिय लोकमार्ग क्षेत्रमा १ शव गृह निर्माण गर्नको लागि आवश्यक वित्तिय सहयोगको लागि अनुरोध गर्ने ।

ङ हाल सिरहाको माडर नाका मात्र नेपालीका लागि प्रवेश विन्दू रहेको हुँदा सो नाकाबाट नेपाल भित्रने नेपालीहरुको गन्तब्य सम्मकै अभिलेख खडा गर्ने । निजहरुलाई तत्काल होल्ड गर्ने, कोभिड १९ को लक्षण नदेखिएकालाई सम्बन्धित पालिका क्वारेन्टाइनसम्म पुर्‍याउन सहयोग गर्ने । अन्य जिल्लाको भए निश्चित विन्दु सम्म लिन आउन अनुरोध गर्ने । लक्षण देखिएकाहरुको हकमा तत्काल पायक पर्ने क्वारेन्टाइन राखी थप व्यवस्थापन गर्ने ।

१६. स्वास्थ्य कार्यालय, सिरहा अस्पताल र स्थानीय तहहरुको स्वास्थ्य शाखा प्रमुखहरुबाट कोभिड १९ को शंकास्पद देखिएको तथा Contact Tracingमा परेका बाहेक कुनै व्यक्तिहरुले आफैले स्वेच्छाले कोभिड १९ को सम्बन्धी स्वास्थ्य परिक्षण गर्न चाहेमा निजहरुले सिरहा र लहान अस्पतालमा सम्पर्क गर्न सकिने र सो अस्पतालहरुले शुल्क लिएर कोभिड १९को परिक्षण गर्न सक्ने र सिरहा र लहान अस्पतालले सो परिक्षणको शुल्क रकम छुट्टै खातामा राखी अस्पतालले कोभिड १९ को परिक्षणको लागि आवश्यक VTM खरिद गर्ने प्रयोजनमा खर्च गर्न सकिने ।

१७. नेपाल रेडक्रस सोसाइटी सिरहाको चोहर्वाको भवनलाई अतिरिक्त रुपमा Isolation Ward बनाउन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले सहयोग गर्ने र सो को व्यवस्थापन सिरहा अस्पताल गर्ने र सो को लागि चाहिने रकम र अन्य साधनहरु सिरहा अस्पतालले प्रदेश सरकारसँग माग गर्ने । साथै सो भवनमा पानीको अभाव रहेकोले सो को व्यवस्थापनको लागि भुमिगत सिचाइ कार्यालय, लहानलाई अनुरोध गर्ने ।

१८. नेपाल सरकारबाट स्वीकृत प्राप्त जिल्ला भित्रका अस्पतालहरुले आफ्नो क्षमता अनुसारको छुट्टै ब्लक वा छुट्टै ब्लक बनाई २० प्रतिशत वेड कोभिड १९ को विरामीहरुको लागि छुट्याएर राख्ने र सो को अनुगमन स्वास्थ्य कार्यालयको संयोजकत्वमा सम्बन्धित पालिकाको स्वास्थ्य शाखाको कर्मचारी र नजिकको सुरक्षा निकायको कर्मचारी सहितको टोलीले गर्ने र सो को प्रतिवेदन जिल्लास्तरिय CCMCमा पेश गर्ने ।

१९. सिरहा अस्पतालले कोभिड १९ को संक्रमितहरुलाई राख्न तयार गरेको Isolation Wardमा रहेका विरामीहरुलाई तोकिएको मापदण्ड बमोजिमको खाना तथा आवश्यक सामानहरु उपलब्ध गराउदा लागेको खर्च रकम अस्पताललाई निकाशा भएको रकम भन्दा बढी भएकोल सिरहा अस्पताललाई आइसोलेशनमा रहेको विरामीहरुलाई उपलब्ध गराउने खाना तथा खाजा र अन्य सामानहरुको लागि थप निकाशाको लागि सम्बन्धित निकायलाई लेखि पठाउने ।

२०७७।१।३